सिटिजन हेल्प डेस्क


# सिटिजन हेल्पडेस्क बुलेटिन

अंक #११

माघ, २०७४

सिटिजन हेल्पडेस्क बुलेटिनको एघारौँ अंकमा स्वागत छ। 'सिटिजन हेल्पडेस्क', विभिन्न जिल्लाहरूमा समुदायलाई सही सूचना प्रवाह गरी उनीहरूको दैनिकीलाई सहज बनाउन कार्यरत स्थानीय युवा स्वयंसेवकहरू Community Frontline Associates (CFA) ले नेतृत्व गरेको नागरिक अभियान हो। यसले, नागरिकहरूले स्थानीयस्तरमा भोगेका संवेदनशील समस्याको बारेमा सूचना संकलन गर्नुका साथै त्यस भित्रको यथार्थ पत्ता लगाई सरकार, सञ्चार माध्यमहरू, दातृ निकायहरू र  समुदायलाई सही सूचना प्रवाह गरी उनीहरू बीचको अन्यौलता हटाउदै समग्र सरकारी निर्णयलाई सही दिशा दिन सहयोग गर्दछ।

## सवाल



### ज्वालामुखि, धादिङ

"वैदेशिक रोजगारीबाट घर फर्केको मितिले एक वर्ष भित्रमा कुनै दुर्घटना भयो र मृत्यु भयो भने सरकारले क्षतिपुर्ति दिन्छ भन्ने सुनिएको छ। यो कहिलेबाट लागु हुन्छ ?"

### सुनकोशी, सिन्धुपाल्चोक

"वैदेशिक रोजगारीमा गएको व्यक्तिको मृत्यु भयो भने परिवारका सदस्यले बिमा बाहेक अन्य आर्थिक सहयोग पाउँछन् कि पाउँदैनन् ?"

## जवाफ

२०७४ साल श्रावण १६ गते देखि लागुहुने गरि संसदिय समितिले नियमावली परीमार्जन गरेको छ। नयाँ नियमावली अनुसार, कुनै कामदारको मृत्यु करार अवधि सकिएको मितिले एक वर्ष भित्रको मितिमा भएमा निजको नजिकका हकवालाले रु. ७00,000 (सात लाख) आर्थिक सहायता पाउने व्यवस्था रहेको छ। जुन रकम नेपाल सरकार वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड अन्तर्गतको कल्याणकारी कोषले प्रदान गर्दछ।


नयाँ संसोधित नियमावली अनुसार, कामदारको मृत्यु नेपाल फर्किसकेको अवस्थामा भए पनि नियम लागु हुने छ। तर, कुनै कामदारको मृत्यु २०७४ साल श्रावण १६ गते भन्दा एक दिन अगाडी भएको छ भने पनि हकवालाले परीमार्जित व्यवस्था अनुसार आर्थिक सहायता बापतको रकम पाउने छैनन्।

२०७४ साल श्रावण १६ गते पूर्व यदि कुनै नेपाली कामदारको करार अवधि भित्रै विदेशमै मृत्यु भएमा निजको नजिकका हकवालाले वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड अन्तर्गतको कल्याणकारी कोषबाट रु ३00,000 (तिन लाख) आर्थिक सहायता पाउने व्यवस्था रहेको थियो।

**तारा बहादुर कुँवर**
सहायक निर्देशक
वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड
००९७७-९८४७८४३४६९

**वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड**
००९७७-१-४१०५०६७/६८

# सवाल



**बिदुर, नुवाकोट**

"मेरो घरको आर्थिक अवस्था अत्यन्त कमजोर छ। परिवार पाल्न गाह्रो भईसक्यो। कतै ऋण खोजेर भए पनि खाडि मुलुकमा वैदेशिक रोजगारीमा जाने योजनामा छु। राहदानी पनि बनाएको छैन। साथीहरूले त केहि वर्ष अगाडि काठमाण्डौ गएर राहदानी बनाएका थिए। के अहिले पनि काठमाण्डौ नै जानुपर्छ ? "

**मण्डन देउपुर, काभ्रेपलाञ्चोक**

"राहदानी बनाउन गएको समयमा जिल्ला प्रशासन कार्यालयले सम्बन्धित आवेदकलाई वैदेशिक रोजगारीका सम्बन्धमा परामर्श दिएर मात्र राहदानी दिन्छ रे। के कस्ता परामर्श दिन्छ जानकारी पाउन पाए हुन्थ्यो।"

# जवाफ

हाल हरेक जिल्ला प्रशासन कार्यालयलाई नेपाल सरकारले राहदानी जारी गर्ने अधिकार प्रत्यायोजन गरेको छ।

जिल्ला प्रशासन कार्यालयमा राहदानीको लागि आवेदन दिन आउनेहरूको तथ्यांक हेर्ने हो भने, प्राय युवाहरू वैदेशिक रोजगारीमा खाडि मुलुक जाने तयारीमा रहेका हुन्छन्। त्यसरी राहदानी बनाउन आउनेहरूलाई राहदानीमा हस्ताक्षर गर्ने अधिकारीले राहदानी हस्तान्तरण गर्नु पूर्व कम्तिमा कुन देश जाने हो ? वैदेशिक रोजगारीमा जाँदा थाहा पाउनुपर्ने महत्पूर्ण कुराहरू के के हुन् र सुरक्षा सम्बन्धि जानकारी लगायतको बारेमा सामान्य परामर्श दिने प्रावधान छ।


कतिपय जिल्लाहरूमा विभिन्न संघ संस्थाहरूसंगको सहकार्यमा वैदेशिक रोजगारीमा जाने तयारीमा रहेका र फर्केका पीडितहरूलाई सहयोग र परामर्श दिने उद्देश्यका साथ सहायता कक्ष राखे पनि सबै जिल्लामा त्यो व्यवस्था छैन।

**शिवप्रसाद सिग्खडा**
प्रमुख जिल्ला अधिकारी
काभ्रेपलाञ्चोक
०११७७-९८५१२३७७७

# सवाल

## शिद्लेक, धादिङ

“वैदेशिक रोजगारीमा जानको लागि महिलाहरूलाई रोक लगाएको छ भन्ने कुरा समाचारहरूमा सुनिन्छ तर, महिलाहरू दिनानुदिन विदेश गईरहेको देखिन्छ। के अहिले विदेश गएका महिलाहरू सबै अवैध रुपमा नै गइरहेका हुन् या सरकारले फेरी खुल्ला गरिसकेको हो ?”



## पाँचखाल, काभ्रेपलाञ्चोक

“खाडि मुलुकमा घरेलु कामदारको रूपमा जान महिलालाई मात्र रोक लगाईएको हो कि, पुरुष कामदारलाई पनि हो ?”

# जवाफ

वैदेशिक रोजगार विभागले घरेलु कामदारको रुपमा खाडी मुलुक जाने महिला र पुरुष दुबैलाई श्रम स्वीकृति दिने सम्बन्धमा २०७३/१२/२२ गते देखि अर्को व्यवस्था नभए सम्मका लागि रोक लगाउने भनेर सूचना नै जारी गरेको थियो।

घरेलु कामदारको रुपमा खाडिमुलुकहरुमा जाने नेपाली महिला बेचबिखनमा परेको र बन्धक बनाएर दुःख दिएका थुप्रै घटनाहरू बाहिर आए पछि नेपाल सरकारले महिला र पुरुष दुबैलाई घरेलु कामदारको रुपमा श्रम सम्झौता नभएका खाडि मुलुकहरुमा जान रोक लगाएको हो।


नेपाल सरकारले घरेलु कामदारका रुपमा खाडि मुलुक जान रोक लगाए पनि अन्य कामहरू जस्तैः होटल, क्लीनर, विभिन्न कम्पनीमा सामान प्याकिङ गर्ने, सुरक्षा गार्ड लगाएतका कामहरुमा जान भने रोक लगाएको छैन।

तर, केहि समय अगाडि नेपाल र जोर्डनबिच भएको श्रम सम्झौता पछि त्यहाँ भने नेपाली कामदारहरू घरेलु कामदारको रुपमा जान पाउने भएका छन्। जोर्डनसंग गरिएको सम्झौतामा नेपाली कामदारको कार्यस्थल सुरक्षा, बिमा र रोजगार अधिकार साथै घरेलु कामदारको मासिक तलब समेत तोकिएको छ।

जोर्डन बाहेक अन्य मुलुकमा भने नेपाली कामदारलाई घरेलु कामदारका रुपमा जान रोक लगाइएको छ।

**मोहन अधिकारी**
प्रवक्ता
वैदेशिक रोजगार विभाग
काठमाण्डौ
००९७७-९८५११५५११०

# मेरो कथा – अनुभुती र भोगाई





## ज्ञानध्वज लामा

### रोसी, काभ्रेपलाञ्चोक

रोसी गाँउपालिकाका ज्ञानध्वज लामा बिस महिना अगाडी वैदेशिक रोजगारीका लागि मलेसिया गएका थिए । उनले त्यस बापत १ लाख ३६ हजार रुपैयाँ म्यानपावर कम्पनीलाई तिरेका थिए । म्यानपावर कम्पनीले उनलाई ८० हजार तिरेको कागजात मात्र दियो । उनले त्यहाँ न त सम्झौता पत्रमा उल्लेख भए अनुसार काम नै गर्न पाए, न त तोके जति पारिश्रमिक नै पाए ।

मेलामेट नाम गरेको कम्पनीमा काम गर्दैगर्दा उनको कानको जालि फुटेर कान नसुन्ने भए । कम्पनीले उनको उपचारको कुनै जिम्मा लिएन । कम्पनीको प्रावधान अनुसार दुर्घटना बाहेक अन्य बिरामी भएको अवस्थामा उपचारको जिम्मा कम्पपनीले लिदैन । उनि कम्पनीमै काम गर्दै गर्दा मेशिनको आवाजले गर्दा उनको कानको जालि फुट्यो । त्यसलाई कम्पनीले दुर्घटना नै मानेन र उनको उपचार प्रति कुनै चासो देखाएन । त्यहाँ उपचार गर्न नसकेर कम्पनीलाई स्वदेश फर्किन्छु भनेर अनुरोध गरे तर, कम्पनीले नेपाल फर्कन पनि दिएन । धेरै प्रयास पश्चात आफैले ४० हजार हवाई टिकट जोहो गरेर उनि नेपाल फर्किए ।

नेपाल आइसकेपछि उनले उपचारमा थुप्रै खर्च गरे । तर, उनलाई उपचार बापतको बिमा रकम दावि गर्न पाईन्छ भन्ने जानकारी सम्म छैन । उनि जस्तै थुप्रै व्यक्ति वैदेशिक रोजगारीमा जानु पूर्व गरिने बिमालाई केवल वैदेशिक रोजगारीमा जाँदा पुरा गर्नुपर्ने प्रकृया मात्र हो भन्ने ठान्दछन् ।

लामाले प्राईम एफएममा सिटिजन हेल्पडेस्कको कार्यक्रम सुनेर काभ्रे स्थीत सिटिजन हेल्पडेस्कका Community Frontline Associate (CFA) रोजन तामाङ समक्ष आफ्नो समस्या राखेका थिए । उनिसंग उपलब्ध कागजात संकलन गरि वैदेशिक रोजगारीमा गएका व्यक्ति र परिवारका सदस्यहरुको अधिकारको पक्षमा काम गर्ने संस्था सेन्टर फर माईग्रेशन एण्ड ईन्टरनेशनल रिलेशनस् (सिएमआईआर) लाई अगाडिको प्रकृयाको लागि पठाएका छौ । अगाडीको प्रगति विवरणको बारेमा आगामी अंकमा जानकारी गराउने छौँ ।

## यो पनि थाहा पाईराखौँ - सरकार द्वारा गरीएका नविनतम निर्णयहरु

- वैदेशिक रोजगारीमा जाने कामदारले जान्नै पर्ने कुराहरु (Link)
- वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले गर्ने महत्वपूर्ण कार्यहरु (Link)

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, जिल्लामा रहेर काम गरीरहेका CFA हरुले स्थानीय जनतासंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, सञ्चार माध्यमहरु र जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिबाट संकलन गरिएका सामाग्री हुन्। २०७४ पौष १७ गतेदेखि २०७४ माघ १७ गतेसम्म ४ जिल्लाका करिब ५०० जना स्थानीयवासीसँग कुराकानी गरी तयार पारिएका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन्। विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन्। यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन्।

**Accountability Lab द्वारा Local Interventions Group संगको सहकार्यमा प्रायोजित सिटिजन हेल्पडेस्क बुलेटिन ।**

accountabilitylab

Local Interventions Group
data - driven development